NEPALI

# हेपटाइटीस वी को खोप

## तपाईले के कुरा थाहा पाउनु पर्दछ

धेरै खोपका जानकारीको बिबरणहरु स्प्यानिस तथा अरु भाषाहरुमा उपलब्ध छन् । www.immunize.org/vis हेर्नुहोस् ।

## 1 हेपटाइटीस वी भनेको के हो ?

हेपटाइटीस वी एउटा गम्भीर खालको रोग हो, यसले कलेजोलाई असर गर्दछ । हेपटाइटीस वी भाइरस (HBV) को कारणले गर्दा यो रोग लाग्दछ । HBV वाट निम्न कुरा हुन सक्दछ :

**कडाखालको बिमारी (छोटो अवधिको)** । यसवाट यी कुरा हुन जान्छन् :

- भोक नलाग्न
- पखला लाग्ने र वान्ता आउन
- थकान हुन
- कमल पित्त (छाला वा आखाहरु पहेलो हुने)
- मांशपेशीहरु, जोडनीहरु तथा पेट दुख्न

कडाखालको विमारी (एकुट इलनेस) अक्सर गरेर वयस्कहरुमा हुने सामान्य रोग हो । संक्रमित भएका केटाकेटीहरुलाई अक्सर गरेर यो बिमारी हुने गर्दैन ।

**दीर्घरोग (दीर्घकालीन) को रुपमा संक्रमण** । केही मानिसहरुलाई दीर्घरोगको रुपमा HBV को संक्रमण हुने कुराको विकास हुन जान्छ । यो धेरै गम्भीर खालको हुन सक्दछ र यसले अक्सर गरेर निम्न कुरा गराउदछ :

- कलेजोलाइ नष्ट पार्ने (सिरोसिस)
- कलेजोको क्यान्सर (अर्वुद रोग)
- मृत्य

दीर्घरोग (क्रोनिक) को रुपमा हुने संक्रमण वयस्कहरुमा भन्दा वढी मात्रामा शिशुहरु तथा केटाकेटीहरुमा सामान्य रुपमा हुन्छ । संक्रमित भएका व्यक्तिहरुले विरामी भएकै नदेखिएमा पनि अरुहरुलाई उनीहरुले HBV सार्न सक्दछन् ।

---

- सन 2005 मा करीव 51,000 मानिसहरु हेपटाइटीस वी वाटसंक्रमित भए ।
- संयुक्त राज्यमा करीव 12 लाख 50 हजार मानिसहरु दीर्घ रुपको HBV वाट संक्रमित छन् ।
- HBV को कारणले गर्दा प्रत्येक वर्ष 3,000 देखी 5,000 मानिसहरु सिरोसिस (कलेजो नष्ट हुने) वा कलेजोको क्यान्सरहरुवाट मर्ने गर्छन् ।

---

हेपटाइटीस वी को भाइरस संक्रमित व्यक्तिको रगतवाट वा शरीरमा भएका अन्य तरल पदार्थहरुसंगको सम्पर्कवाट फैलने गर्दछ । निम्न कुराहरुले गर्दा कुनै व्यक्ति संक्रमित हुन सक्दछ :

- जन्मिदाको वखत आमाको रगतसंग वा उनको शरीरमा भएको अन्य तरल पदार्थ संग सम्पर्क हुदा ;
- छाला काटिएर आउने रगतसंग वा शरीरको अन्य तरल पदार्थसंग सम्पर्क हुदा जस्तै, टोकेको, काटेको वा घाउ खटिरा भएको ठाउवाट ;
- रगत लागेको वा शरीरमा भएको तरल पदार्थ लागेका वस्तुहरुसंगको सम्पर्कले जस्तो दात माझ्ने बुरुस वा दारी फाल्ने रेजरसंगको सम्पर्क ,
- संक्रमित व्यक्ति संग असुरक्षित यौन सम्पर्क गर्दा ,
- लागू औषधीको सुइ लगाएको सियोहरुलाइ साटासाट गर्दा ,
- पहिलेनै प्रयोग गरि सकिएको सुइलाई फेरि प्रयोग गर्दा ।

## 2 हेपटाइटीस वी को खोप : खोप किन लगाउन ?

**हेपटाइटीस वी को खोप लिनाले हेपटाइटीस वी लाग्नवाट** यसले रोकथाम गर्दछ, तथा कलेजोको क्यान्सर र सिरोसिस (कलेजो नष्ट हुने) लगायत HBV संक्रमणवाट निस्कने गम्भीर परिणामहरु नआउनका लागि यसले रोकथाम गर्ने गर्दछ ।

संयुक्त राज्यमा केटाकेटीहरुलाइ निर्यमित रुपमा हेपटाइटीस वी को खोप लगाउने काम 1991 मा शुरु भयो । त्यस समय पछि केटाकेटीहरु र किशोर किशोरीहरुमा कडा खालको हेपटाइटीस वी को संख्यामा 95 प्रतिशत कम हुन जानुको साथै सवै उमेरका व्यक्तिहरुमा 75 प्रतिशत कम हुन गयो ।

हेपटाइटीस वी को खोप हेपटाइटीस वी भाइरसको अशवाट वनाइएको हुन्छ । यसले HBV संक्रमण गराउन सक्दैन ।

हेपटाइटीस वी को खोप अक्सर गरेर **3 वा 4 पटक श्रृंखलावद्ध** रुपमा लगाइने गरीन्छ । यस्ता श्रृङखलावद्ध खोपहरु लिदा दीर्घकालीन रुपमा र संभवत जीवनभरिका लागी नै पनि यसले HBV को सँक्रमणबाट सुरक्षा प्रदान गर्दछ ।

## 3 हेपटाइटीस वी को खोप कसले र कहिले कहिले लगाउनु पर्दछ ?

### केटाकेटीहरु र किशोर किशोरीहरु

- सवै केटाकेटीहरुले **जन्मेको वेलामा** नै हेपटाइटीस वी को खोपको पहिलो मात्रा लिनु पर्दछ र श्रृंखलावद्ध रुपमा लिनु पर्ने खोपका मात्राहरु 6 देखी 18 महीनाको उमेर भित्रमा लिई सक्नु पर्दछ ।
- 18 वर्ष उमेर सम्मका केटाकेटीहरु र किशोर किशोरीहरु, जस्ले सानो छदा यो खोप लगाएका थिएनन्, उनीहरुले पनि यो खोप लागाउनु पर्दछ ।

### वयस्क व्यक्तिहरु

- **HBV संक्रमणको जोखिममा पर्ने** तर खोप नलिएका सवै वयस्क व्यक्तिहरुले यो खोप लगाउनु पर्दछ । यस्तो जोखिममा पर्नेहरु :
  - HBV वाट संक्रमित भएका व्यक्तिहरुको यौन साथीहरु,
  - पुरुष संग यौनक्रिया गरेका पुरुष,
  - अक्सरगरेर सुइ लगाई लागु पर्दाथ लिने व्यक्तिहरु,
  - एक भन्दा वढी यौन साथी भएका व्यक्तिहरु,
  - दीर्घ रुपमा कलेजो र मृगौलाको रोग लागेका व्यक्तिहरु,
  - मानिसहरुको रगत संग संसर्गमा आउने काम गर्ने व्यक्तिहरु,
  - HBV वाट संक्रमण भएका व्यक्तिहरुको परिवारसंग संपर्क हुने व्यक्तिहरु,
  - अपाङ्गता विकासित भैरहेका व्यक्तिहरुका निम्ति काम गर्ने संस्थाहरुमा वस्ने व्यक्तिहरु तथा कर्मचारीहरु,
  - मृगौलाको डाइलासिस गराइरहेका विरामीहरु,
  - हेपटाइटीस वी आम रुपमा भएको देशहरुमा भ्रमण गरेका व्यक्तिहरु,
  - एचआइभी संक्रमित भएका व्यक्तिहरु ।
- HBV को संक्रमण हुनवाट वच्न चाहने जोसुकै व्यक्तिले पनि खोप लागाउन सक्ने छ ।

## 4 हेपटाइटीस वी को खोप कसले लगाउनु हुदैन ?

- खोपमा सम्मिश्रण भएको **वेकरको ईष्ट** वा **अन्य तत्वहरुको** कारणले गर्दा ज्यानै जाने किमिमको, एलर्जी हुने गरेका व्यक्तिहरुले हेपटाइटीस वी को खोप लगाउनु हुदैन । यदि तपाईमा गम्भीर खालको एलर्जी छ भने सो कुरा आफ्नो प्रदायकलाइ भन्नुहोला ।
- **पहिले लिइ सकेको हेपटाइटीस वी** वाट ज्यानै जाने गरी एलर्जीको प्रतिक्रिया भैसकेका व्यक्तिहरुले अर्को पटकको खोप लिन हुदैन ।
- **मध्यम खालको वा सिकिस्त रुपमा विरामी** भएको जोसुकै व्यक्तिले हेपटाइटीस वी लगाउनका लागी पहिलेनै समय तोकेर लिई सकेको भए पनि आफू निको नहुन्जेल सम्मका लागि यो खोप लिन निजले पर्खनु पर्दछ ।

यी सावधानीहरुका वारेमा तपाईको प्रदायकले तपाईलाइ वढी जानकारी दिन सक्नेछन् ।

HBV को संक्रमणवाट वचाउनु पर्ने गर्भवती महिलाहरुलाई खोप लगाइ दिन सकिने छ ।

## 5 हेपटाइटीस वी खोप वाट हुने जोखीमहरु

हेपाटाइटिस वी को खोप एउटा सुरक्षित खालको खोप हो । प्रायजसो मानिसहरुलाई यसवाट कुनै किसिमको समस्याहरु हुदैनन् ।

तल उल्लेख गरिए वमोजिमका केही **सानातिना समस्याहरु** यसवाट निस्केका कुराहरुको जानकारी हुन आएको छ :

- सुइ लगाएको ठाउमा दुख्ने (4 जनामा करीव 1 जना सम्मलाई) ।
- 99.9 डिग्री वा सो भन्दा वढी ज्वरो आउने (15 जनामा करीव 1 जना सम्मलाई) ।

**कडा खालका समस्याहरु** एकदमै विरलै उत्पन्न हुन्छन् । यसको 11 लाख मात्रा लगाउदा मुस्किलले एक मात्रावाट मात्र कडा खालको एलर्जीको प्रतिक्रिया हुने गर्दछ भन्ने कुरामा विश्वास गरिन्छ ।

अरु कुनै औषधिले जस्तै गरी यो खोपले पनि गम्भीर प्रतिक्रिया उत्पन्न गराउन **सक्दछ** । तर खोपवाट हुने नोक्सानी वा मृत्यु हुने जोखिम एकदमै नगन्य मात्राको हुन्छ । सम्युक्त राज्यमा 10 करोड भन्दा वढी व्यक्तिहरुले हेपाटाइटिस वी को खोप लिएका छन् ।

## 6 मध्ययम खालको वा गम्भीर खालको प्रतिक्रिया भएमा के हुन्छ ?

### मैले के कुरालाई हेर्नुपर्दछ ?

- कुनै पनि असामान्य स्थिति जस्तै उच्च ज्वरो आउने वा व्यवहारमा परिवर्तहरु हुने । यसवाट देखिने गम्भीर खालका प्रतिक्रियाहरुको लक्षणहरुमा यी कुरा पर्दछन् - सास फेर्न अपठेरो हुने, आवाजमा धोत्रोपन आउने वा ध्यार ध्यार गर्ने, चिलाउने खालको रातो डावर आउने, पहेलो हुने, कमजोरहुने, छिटो छिटो मुटु चल्ने वा चक्कर लाग्ने ।

### मैले के गर्नु पर्दछ ?

- चिकित्सकलाई **फोन गर्नुहोस** वा उक्त व्यक्तिलाई तुरुन्तै चिकित्सक कहाँ लिएर जानुहोस ।
- के भएको हो, कुन दिन र कुन समयमा भयो र खोप कहिले लगाइएको थियो भन्ने कुरा आफ्नो चिकित्सकलाई **वताउनुहोस** ।
- भ्याक्सिन एडभर्स इभेन्ट रिपोर्टिङ सिस्टम (Vaccine Adverse Event Reporting System, VAERS) फाराम भरेर प्रतिक्रियाको जाहेरी दर्ज गरी दिनका लागि आफ्नो चिकित्सक, नर्स वा स्वास्थ्य विभागलाई **भन्नुहोस** ।

  अथवा तपाई आफैले पनि VAERS को वेवसाइट www.vaers.hhs.gov मार्फत वा नं. 1-800-822-7967 मा फोन गरेर यो जाहेरी दिन सक्नुहुन्छ ।

  *VAERS ले स्वास्थ्य सम्वन्धी कुरामा सुझाव दिदैन ।*

## 7 खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम

तपाई वा तपाईको वच्चालाई र अरुहरुलाई विरलै हुने गरेको गम्भीर खालको प्रतिक्रिया भएर क्षति पुगेमा, क्षति पुगेका व्यक्तिलाई सहयोग गर्ने हेतुले निजको उपचारमा लागेको रकम तिर्नका लागि एउटा संघीय कार्यक्रमको तर्जुमा भएको छ ।

खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम (National Vaccine Injury Compensation Program) को वारेमा विस्तृत जानकारी लिन नं. 1-800-338-2382 मा फोन गर्नुहोस वा उक्त कार्यक्रमको वेवसाइट **www.hrsa.gov/vaccinecompensation** हेर्नुहोस ।

## 8 मैले वढी कुरा कसरी जान्न सक्छु ?

- आफ्नो चिकित्सक वा नर्सलाई सोध्नुहोस । उनीहरुले तपाईलाई भित्र खमिएको भ्याक्सिन सम्वन्धी प्याकेज दिन सक्नेछन् वा सूचनाको अन्य श्रोतहरुका वारेमा सुझाव दिन सक्नेछन् ।
- आफ्नो स्थानीय वा राज्यको स्वास्थ्य विभागलाई फोन गर्नुहोस ।
  1-888-767-4687
- सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (CDC) अर्थात (रोग नियन्त्रण तथा रोकथाम केन्द्र) मा निम्न वमोजिम सम्पर्क गर्नुहोस :
  - नं. **1-800-232-4636 (1-800-CDC-INFO)** मा फोन गर्नुहोस ।
  - CDC को निम्न वेवसाइटहरु हेर्नुहोस :
    **www.cdc.gov/ncidod/diseases/hepatitis**
    **www.cdc.gov/vaccines**
    **www.cdc.gov/travel**

DEPARTMENT OF HEALTH AND HUMAN SERVICES
CENTERS FOR DISEASE CONTROL AND PREVENTION

DCH-0450NE
AUTH: P.H.S., Act 42, Sect. 2126.

Vaccine Information Statement (Interim)
Hepatitis B NP - Nepali (7/18/07) 42 U.S.C. § 300aa-26
Translated by Transcend Translations, Davis, CA www.transcend.net

मेडिकल रेख–देख प्रदाता(प्रदाताहरू) लाई एकदम ठिक प्रतिरक्षण स्थिति जानकारीलाई अनुमति दिनको लागि, एउटा प्रतिरक्षण मूल्याङ्न, र भविष्यको प्रतिरक्षणको कार्यक्रम, संबंधि जानकारी मिषिगन केअर सुधार रजिष्ट्रीलाई पठाइनेछ। व्यक्तिहरूलाई यो प्रार्थना गर्ने अधिकार छ कि उनीहरूको मेडिकल रेख–देख प्रदाताहरूले प्रतिरक्षा संबंधी जानकारी रजिष्ट्रीमा अगाडि न पठाऊन्। प्रतिरक्षा